धनगढी उपमहानगरपालिका

DHANGADHI SUBMETROPOLITAN CITY

नगर कार्यपालिकाको कार्यालय

OFFICE OF THE MUNICIPAL EXECUTIVE

धनगढी,कैलाली, सुदूरपश्चिम प्रदेश,नेपाल

Dhangadhi, Kailali, Sudurpashchim Province, Nepal


पत्र संख्याःशा.वि.शा. २०८३/०८४ मितिः २०८३/०५/०२

च.न.

**बिषय : मुक्तिनाथ दर्शनको लागि जान इच्छुक (बिधवा) एकल महिलाहरुले आबेदन पेश गर्ने सम्बन्धी सूचना।**

प्रस्तुत सम्बन्धमा यस धनगढी उप-महानगरपालिकाकाद्वारा आ.ब. २०८३/०८४ को लागि स्वीकृत मुक्तिनाथ दर्शन (धार्मिक यात्रा) कार्यक्रम चालु आ.वा.को पहिलो चरणमा (यात्रामा जाने समय तालिका पछि तोकिने छ) १५० जना **(बिधवा) एकल महिलाहरुलाई मुक्तिनाथ धार्मिक यात्रामा** लैजाने कार्यक्रम भएकोले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र तपसिल बमोजिम तोकिएका आवस्यक कागजातहरु संलग्न गरि लिखित आवेदन पेश गर्नहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकासित गरिएको छ।

**तपशिलः**

१. धार्मिक यात्रामा जानको लागि **६० बर्ष भन्दा कम उमेरका एकल महिला (बिधवा)** हुनु पर्नेछ।

२. विशेषज्ञ चिकित्सकसंग तोकेको दिन र समयमा उपस्थिती भई स्वास्थ्य परिक्षण गर्नु पर्नेछ।

३. धनगढी उपमहानगरपालिकाको स्थायी बासिन्दा हुनुपर्ने छ (प्रमाणित कागजातहरु क्रमसः नागरिकताको प्रमाण पत्र वा बसाइँ सरि आएको प्रमाणपत्रको प्रतिलिपि वा सामाजिक सुरक्षा भत्ता वितरण परिचय पत्रको प्रतिलिपि)।

४. तिर्थालुले तोकिएको ढाँचामा स्वघोषणा पत्र (स्वघोषणा पत्रको नमुना सम्बन्धित वडा कार्यालयबाट प्राप्त गर्न सकिने छ) पेश गर्नु पर्नेछ।

५. २/२ प्रति हालसालै खिचेको पासपोर्ट साइजको फोटो पेश गर्नु पर्नेछ।

६. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र पेश गर्नु पर्नेछ।

७. नागरिकताको आधारमा सबैभन्दा बढी उमेर भएकाहरुलाई प्राथमिकतामा राखिनेछ।

८. आबेदन पेश गर्ने अन्तिम दिन सार्बजनिक बिदा परेको खण्डमा सोको भोलिपल्ट आबेदन दर्ता गर्न सकिनेछ।

९. मुक्तिनाथ दर्शनको लागि जाने तिर्थालुहरु छनोट गर्ने सम्पूर्ण अधिकार धनगढी उपमहानगरपालिकालाई हुनेछ।

**थप जानकारीको लागिः** सामाजिक विकास शाखा मो. नं. ९८४८४४९८५७ वा ९८४८४३८६८८ मा सम्पर्क गर्नु होला।

(जनकराज भट्ट)

प्रमुख प्रशासकीय अधिकृत

धनगढी उपमहानगरपालिका

DHANGADHI SUBMETROPOLITAN CITY

नगर कार्यपालिकाको कार्यालय

OFFICE OF THE MUNICIPAL EXECUTIVE

धनगढी,कैलाली, सुदूरपश्चिम प्रदेश,नेपाल

Dhangadhi, Kailali, Sudurpashchim Province, Nepal

मिति: २०८३/०५/०२

पत्र संख्या:शा.वि.शा.२०८३/०८४

च.न.

## इच्छापत्र/मंजुरीनामा

लिखितम जिल्ला कैलाली धनगढी उप-महानगरपालिका वडा नं .........बस्ने ..........................**(तिर्थालुको बुवा को नाम)** को छोरा/छोरी बर्ष .......को .......................... **..................(तिर्थालुको नाम)** आगे धनगढी उप-महानगरपालिकाले ज्येस्ठ नागरिकको सम्मान गर्दै तिर्थ यात्रा गराउन भनी लक्ष्मीनारायण मन्दिरको यात्रामा हुने सहजीकरणमा मुक्तिनाथको तिर्थ यात्राको लागि म मन्जुर भई जान लागेकोमा सो समावेसी धार्मिक यात्रामा रहदा दैबी प्रकोप वा स्वभाविक अस्वभाविक बिमारी भई मेरो जिउ ज्यानमा तलमाथि भएमा यात्राको आयोजना गर्ने धनगढी उप-महानगरपालिका र सो यात्राको ब्यबस्थापन र सहजीकरण गर्ने संस्था लक्ष्मीनारायण मन्दिर संचालक समितिलाई केहि/कुनै पनि आक्षेप लगाउने
वा दोष दिने कार्य गर्ने गराउने छैन भनी मेरो मनोमान खुशिराजिका साथ मेरो ........नाता पर्ने .................................... **(तिर्थालुको संरक्षकको नाम)** को रोहबरमा यो कागज लेखी लेखाई ल्याप्चे सहिछाप गरी आयोजक संस्था धनगढी उप-महानगरपालिकालाई दियाँ |

तिर्थालुको दस्तखत/दायाँबायाँ औठाछाप

**रोहबर**

................

संरक्षकको नाम:

ठेगाना: दा. बा.

दस्तखत:

नाता:

मिति:

फोन न. :